निर्णयहरु:-

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो । कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा ३५२५ जम्मा संक्रमित पाइएकोमा ३२८३ निको भएको,१६७ मृत्यु भएको र अहिले ७५ जना संक्रमित रहेको देखिन्छ ।
२. यस जिल्लामा हालसम्म कोभिसिल्ड ४८५०० डोज, भेरोसेल ५३०८० डोज र जान्सेन एण्ड जान्सेन ३२८५० डोज प्राप्त भएकोमा हालसम्म देहाय बमोजिम खोप लगाइयो ।

| क्र.सं. | कपिलवस्तु | कोभिसिल्ड | | भेरोसेल | | जान्सेन एण्ड जान्सेन |
|---|---|---|---|---|---|---|
| | | प्रथम डोज | दोस्रो डोज | प्रथम डोज | दोस्रो डोज | |
| १ | | ३६४३० | ११३१९ | ४३१२३ | ९५३८ | ९५० |

३. यस जिल्लामा जारी भएको निषेध आदेशलाई अर्को सूचना नभए सम्मका लागि निरन्तरता दिदै मध्यम तथा लामो दुरीमा सञ्चालन हुने सार्वजनिक यातायातका साधनहरुलाई स्वास्थ्य मापदण्ड पालना गरे/नगरेको ट्राफिक प्रहरी मार्फत अनुगमन गर्ने ।
४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिति २०७८।०४।१२ गते जारी गरेको प्रेस विज्ञप्ति बैठकमा जानकारी गराइयो । सम्भावित तेश्रो लहरको चुनौतीपूर्ण अवस्थाको तयारी गर्न अस्पताल,स्वास्थ्य कार्यालय र सबै पालिकालाई अनुरोध गर्ने ।
५. कपिलवस्तु सामुदायिक अस्पतालको च.न.०६ मिति २०७८।०४।१३ को पत्रबाट उक्त अस्पतालले त्यस भेगमा स्वास्थ्य सेवा पुर्याईरहेको तर स्वास्थ्य सामग्री र श्रोत साधन अभाव भएकोले सिफारिस गर्न अनुरोध गरेकोले उक्त अस्पतालबाट कोभिड -१९ का सामान्य बिरामीहरुको उपचार गर्नु पर्ने हुँदा आवश्यक सहयोग हुन स्वास्थ्य तथा जनसख्या मन्त्रालय, लुम्बिनी प्रदेश र स्वास्थ्य सेवा विभाग, काठमाण्डौलाई सिफारिस गर्ने निर्णय गरियो।
६. यस जिल्लामा जारी भएको निषेध आदेशको समीक्षा गर्दै गृह मन्त्रालयको च.न. ६० मिति २०७८।०४।१० को पत्र बैठकमा जानकारी भयो । अगामी दिनमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना भए/नभएको सम्बन्धमा निरन्तर अनुगमन गरी पालना नभएको पाइएमा कानुन बमोजिम कारवाही हुने बेहोरा सर्वसाधारणलाई जानकारी गराउने ।

२०७८।४।१२